जि.प्र.का.ध.द.नं. २०७/०७१/७२ देशको समृद्धि र विकास हाम्रो अभियान

# जनधारा

JANDHARA NATIONAL DAILY

राष्ट्रिय दैनिक

जनधारा दैनिकमा विज्ञापनको लागि सम्पर्क नम्बर : मो. नं. ९८५११५४४०८

वर्ष : ८ अंक : २२८, २०७८ चैत २५ गते शुक्रवार (8 Apr. 2022) पृष्ठ ४ मूल्य रु. ५।-

## तत्काल जनकपुरको फोहोर उठाउन उच्च अदालतको आदेश

**जनधारा समाचारदाता**

जनकपुरधाम, चैत २४ गते । उच्च अदालत जनकपुरले जनकपुरधाम उपमहानगर पालिकाको फोहोर तत्काल उठाउन आदेश दिएको छ ।

उपमहानगर पालिकामा लामो समयदेखि फोहोर नउठाइँदा जनस्वास्थ्यमा गम्भीर असर पर्न थालेको भन्दै परेको रिटमा उच्च अदालतले फोहोर मैला संकलन, व्यवस्थापन र सुरक्षित विसर्जन तत्काल गर्न आदेश दिएको हो ।

कामु मुख्य न्यायाधीश विनोद शर्माको इजलासले गरेको आदेशमा भनिएको छ, 'प्रस्तुत निवेदनपत्रको अन्तिम किनारा नलाग्दासम्म तत्काल विपक्षीहरुले जो जे सहकार्य, समन्वय गर्नुपर्ने हो गरी जनकपुरधाम उपमहानगर पालिकाको फोहोरमैला संकलन, व्यवस्थापन, सुरक्षित विसर्जनसमेतको कार्य तत्काल सुरु गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा 'अन्तरिम आदेशसमेत जारी गरिदिएको छ ।'

उपमहानगरको पिडारी चोक, रामनन्द चोक, जिरो माइल चोक, महावीर चोक बाह्रविघा भित्र, कदम चोक, दशरथ तलाउ चोक, हस्पिटल रोडसहित समग्र बजार क्षेत्रको सडक, पेटी र ढलमा फोहोर थुप्रिएको भन्दै कानुन व्यवसायी राकेशकुमार साहले उच्च अदालतमा रिट दिएका थिए ।

उनले सडकको दुवैतर्फको नालामा पानी खाने वोतल, प्लाष्टिकको झोला, कागजको कार्टुन आदि जम्मा भएर ढल नै बन्द भएको पनि उल्लेख गरेका थिए ।

उनले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय, जनकपुरधाम उपमहानगरपालिकालाई विपक्षी बनाइ रिट दिएका थिए ।

उक्त रिटमा उच्च अदालतले विपक्षीसँग लिखित जवाफ पनि मागेको छ ।

## चार दिवसीय चैती छठ पर्वको आज समापन

**जनधारा समाचारदाता**

जनकपुरधाम, चैत २४ गते । जनकपुरधाम सहित सम्पूर्ण मिथिलाञ्चलवासीको महान् पर्व चैती छठ अन्तर्गत बुधबार धार्मिक विधिपूर्वक खरना विधि गरिएको छ ।

चार दिनसम्म विभिन्न विधिहरु गर्दै मनाइने चैती छठ पर्व अन्तर्गत तराईको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत मिथिलाञ्चलभरि

(बांकी तेस्रो पृष्ठमा)



## जनकपुर जसपाको पहिलो प्राथमिकतामा

**जनधारा समाचारदाता**

जनकपुरधाम, चैत २४ गते । जनता समाजवादी पार्टी नेपालले दुईवटा महानगरपालिका र चारवटा उपमहानगरपालिकाको नेतृत्वमा दाबी गर्ने भएको छ । स्थानीय तहको आसन्न निर्वाचनका लागि सत्तारुढ गठबन्धनबीच चुनावी तालमेलका लागि गृहकार्य भइरहेको अवस्थामा जसपा नेपालले यस्तो दाबी गरेको हो ।

जसपाका कार्यकारिणी सदस्य नवराज सुवेदीका अनुसार ६ वटा महानगरपालिकामध्ये दुईवटा नगरपालिकाको प्रमुख पद जसपा नेपालले चाहेको हो । जसपाले यसअघि जितेको वीरगञ्ज महानगरपालिकामा फेरि पनि प्रमुख पदको दाबी कायमै राखेर अर्को एक महानगरमा दाबी गर्ने उनको भनाइ छ । यद्यपि वीरगञ्ज महानगरको प्रमुख पद कुनै पनि हालतमा नछाड्ने बरु अर्को महानगरपालिकाको हकमा जसपा नेपाललाई प्रमुख पद दिए पनि नदिए पनि फरक नपर्ने उनले बताए ।

सुवेदीले भने, 'मधेस प्रदेशमा रहेको एकमात्र महानगरपालिका वीरगञ्जमाथि हाम्रो दाबी रहनेछ संगठनको हिसाब, जनाधारको हिसाबले मधेस प्रदेशमा जसपा सबैभन्दा बलियो छ। त्यही भएर वीरगञ्ज महानगरपालिका जसपालाई चाहिन्छ।'

त्यस्तै, ११ वटा उपमहानगरपालिकामध्ये जसपाले चार वटामा प्रमुख पद दाबी गरेको छ । त्यसमध्ये उसले जनकपुरलाई पहिलो प्राथमिकतामा राखेको छ ।

२७६ वटा नगरपालिका र ४६० वटा गाउँपालिकामा सत्तारुढ गठबन्धनबीच तालमेल गर्दा कुन ठाउँमा कसको कस्तो संगठन छ, साविकमा कस्तो मत आएको थियो, उम्मेदवारको लोकप्रियता के छ लगायतका विषयमा छलफल गरेर सीटको बाँडफाँट गरिनुपर्ने सो पार्टीका अर्का कार्यकारिणी सदस्य मनिष सुमनले बताए ।

मनाङ र मुस्ताङबाहेक ७५ वटा जिल्लामा आफ्नो संगठन रहेकाले सोही अनुसार पालिकाहरुमा सीट चाहिने नेता सुवेदीले बताए । गठबन्धनमा रहेका दलहरुले जिल्ला जिल्लाबाट पार्टीगत रिपोर्ट मगाएका छन् । सबैको रिपोर्ट आइसकेपछि त्यसैको आधारमा छलफल गरी तालमेलको खाका तयार हुने उनले बताए ।

जसपासँग हाल ३६ वटा पालिकाको प्रमुख र ३३ वटा उपप्रमुख छन् । त्यस्तै, २८४ वटा वडाको अध्यक्ष र एक हजार २०२ जना सदस्यमा जितेका छन् । ती सीट उसले संघीय समाजवादी फोरम पार्टीका नाममा जितेको हो । यद्यपि, तत्कालीन राजपा नेपालसँग एकीकरण गरी जसपा नेपाल गठन भइ सो पार्टीसमेत विभाजन हुँदा तत्कालीन राजपा नेपालका कतिपय स्थानीय तहका पदाधिकारी जसपा नेपालमै रहेपछि स्थानीय तहमा जसपाको स्थान थप मजबुत देखिएको छ ।

## टाइफाइड रोग विरुद्धको खोप अभियान सम्बन्धी सूचना

धनुषा जिल्लामा यही मिति २०७८ साल चैत २५ गतेदेखि सबै वडा र स्थानीय तहमा टाइफाइड रोग विरुद्धको खोप अभियान सञ्चालन हुँदैछ। यस अभियानमा १५ महिनादेखि १५ बर्ष उमेरसम्मका सबै बालबालिकालाई टाइफाइड रोग विरुद्धको खोप लगाइदैछ। यस अभियानमा आ-आफ्नो बालबालिकालाई नजिकको खोप केन्द्रमा लगेर नछुटाई टाइफाइड रोग विरुद्धको खोप लगाउन हुन अनुरोध छ ।

यो अभियानमा तोकिएको मितिमा आफ्नो स्थानीय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा सञ्चालन हुने खोप केन्द्रमा लगी बालबालिकालाई खोप लगाऔं ।

**स्वास्थ्य निर्देशनालय**
मधेश प्रदेश, सपही, धनुषा

## बैशाख ३० आउन




**३४ दिन बाँकी**



प्रकाशक : आरती कापर
सम्पादक : अवधेश कामत
मो. ९८५११५४४०८
कार्यालयः– जनकपुरधाम–१, भानु चौक
dailyjandhara2071@gmail.com
मुद्रण :- नव दुर्गा छापाखाना, जनकपुरधाम ।

# जनधारा

## सम्पादकीय ....

### अरुलाई कमाजोर होइन आफूलाई बलियो बनाऊ

बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको तयारी राजनीतिक दलहरुले आ-आफ्नो तरिकाले गरिरहेका छन । सबैले बढी भन्दा बढी स्थानीय तहमा आफ्नो पार्टी जितोस् भन्ने चाहना उनीहरुमा रहेको छ, हुनु पनि स्वाभाविक हो ।

देशमा ७५३ स्थानीय तह रहेको छ। २०७४ सालको स्थानीय तहको निर्वाचनमा निर्वाचित भएका जनप्रतिनिधिहरुको पदाबधि समाप्त हुंदैन । २०७४ सालका निर्वाचित भएका जनप्रतिनिधिहरुको कामकाजबाट जनताहरु असन्तुष्ट रहेका छन । लगभग सबै स्थानीय तहका जनप्रतिनिधिहरु मध्ये कुनै न कुनै जनप्रतिनिधिहरु भ्रष्टाचारको मुद्दामा मुछिएका छन जो निश्चय पनि दुर्भाग्यको कुरा हो ।

मुलुकको राजनीतिक दलहरु अहिले विभाजित भएका छन । पार्टी विभाजनले पनि अहिलेको प्रमुख प्रतिपक्षी नेकपा एमाले बलियो साबित भएको छ पाँच दलीय सत्तागठबन्धनको मूल्यांकनमा । हो, पनि यो गलत पनि होइन । जसले गर्दा एमालेलाई कसरी कमजोर बनाउने तरिका पाँच दलीय गठबन्धन दलले खोज्दैछन । उनीहरुले कहाँ-कहाँ एमाले मजबुत रहेको छ भन्ने कुराको खोजी गर्दैछन । जसको सर्बत्र आलोचना भइरहेको छ। गठबन्धनका नेताहरुले आफू कसरी बलियो हुने र जनताको मन कसरी जित्ने तर्फ लाग्नुपर्छ। यदि एमाले नै जनताको रोजाइ छ भने सत्तागठबन्धनले चाहेर पनि एमालेलाई कमजोर बनाउन सक्दैन ।

सत्तामा जानकै लागि पाँच दलले गठबन्धन गरेको कुरा जनताले राम्ररी बुझेको छ। सत्तामा पुगेर पनि उनीहरुले जनताको लागि केही गर्न नसकेको स्वयं जनताको आरोप छ । यस्तो अवस्थामा उनीहरु कसरी बलियो हुन सक्छ ? उनीहरुले एमालेलाई कमजोर बनाउनुको सट्टा आफू बलियो बन्ने उपाय को खोजी गरे राम्रो हुने थियो ।

# जोखिममा देशको आर्थिक गति ?

कुलचन्□ वाग्ले

अर्थशास्त्रीहरु भन्छन् - देशको आर्थिक स्थिति दुरवस्थातिर धकेलिँदै छ । अर्थवित्तसम्बन्धी लेख, विचार पढ्यो स्थिति निराशाजनक बुझिन्छ। विचार सुन्यो शुभसंकेत सुनिदैन। तथ्यांक दिँदै सबै भन्दैछन् - आर्थिक अवस्था चिन्ताजनक छ।

हामीजस्ता जो अर्थका विद्यार्थी होइनौ र अध्येता पनि बनेनौ तर देशको समसामयिक विषयमा सतही भनियोस् कि संक्षिप्त जानकारी राख्न प्रयत्न गर्नेहरुसमेत विज्ञका मत सुन्दा, पढ्दा देश आर्थिक जोखिमको डिलसम्मै पुगेको सहजै बुझ्न थालेका छौँ ।

अर्थवेत्ताले दिने तथ्यांक, राष्ट्र बैंकले सार्वजनिक गर्ने मुलुकी आर्थिक चित्र र उपभोग्य सामग्रीको मूल्यले थिचिएका उपभोक्ताहरु पनि आर्थिक अवस्था खस्किँदै गएको अनुभूत गर्दैछन् ।

यस्तो पृष्ठभूमिमा अर्थमन्त्रालय सम्बद्ध र सरकारी पक्षले पनि आर्थिक अवस्था सुदृढ रहेको दाबा गर्न सकिरहेको छैन । अर्थात्, सबै मिलाएर स्थिति खराबतिर जाँदै छ ।

वैदेशिक विनिमय संचिति ओरालो लागेको छ। करिब एक वर्षअघि वर्ष दिन धान्नसक्ने संचित विदेशी मुद्राले अहिलेसम्म आइपुग्दा आधा वर्षलाई पनि धान्न गारो छ। आयातमा निर्भर बन्दै गएको हाम्रो अर्थतन्त्रमा अहिलेको आवस्थाले क्रय क्षमता घट्दै गएको स्पष्ट सन्देश दिएको छ ।

यसअघि केही विज्ञ भन्थे - आयात चिन्ताको विषय होइन, यसले राजस्व (कर) वृद्धि हुन्छ, सरकारी ढुकुटी बढ्छ । तर, त्यसरी संकलित राजस्व आयातलाई नै अपुग भए त्यसको के अर्थ रह्यो र ? अनुत्पादक विलासी सामग्रीमा राजस्वको ठूलो हिस्सा लगानी हुनुले उत्पादन बढाउने त होइन ।

उत्पादनको कमी निर्यातको पनि कमी हो । निर्यातले वैदेशिक व्यापार घाटालाई पूर्ति गर्ने हैसियत लिएन भने आयातमा एकोहोरो लगानीले अर्थ व्यवस्थालाई खोक्रो बनाउने रहेछ। नेपालको आर्थिक दशा दिशा यतैतिर गएको बुझिन्छ, सुनिन्छ।

बुझेको कुरा संक्षेपमा भन्दा शोधनान्तर अवस्था पनि ओरालो लाग्ने नै भयो जब विनिमय संचिति नै कमजोर छ भने। राजस्व संकलनको लक्ष्य पनि पूरा भएको छैन । त्यो लक्ष्यमा पनि घाटा हुने देखिँदै छ । आर्थिक वर्षको अन्त्यतिर आइपुग्दा विकास, निर्माण खर्च अहिलेसम्म बीस प्रतिशत हाराहारी पनि पुग्नसकेको छैन ।

तीन खर्ब हाराहारीको विकास रकममा बीस प्रतिशत पनि खर्च हुन नसक्नुको कारण राज्य ढुकुटीमा पैसा नभएर हो कि खर्च गर्ने राज्य संयन्त्रकै क्षमतामा कमजोरी हो ? पारदर्शी छैन । क्षमतामै कमी हो भने वर्षौंको यो रोगको निदान र उपचार किन गरिएन ?

राजस्वले चालु खर्च धान्न पनि हम्मे छ। विकास खर्च ऋण अनुदानमा 'पर'निर्भर भइसक्यो। आर्थिक तरलताको कमी, बैंकिङ कारोबार शिथिल । अर्थतन्त्र जोखिममा पुगेको लक्षण हुन् यी। यही पृष्ठभूमिमा डेढ महिनापछि आव ०७९-८० को बजेट प्रस्तुत गरिनेछ। करिब तीन महिनापछि नयाँ आर्थिक वर्ष लागु हुनेछ।

अर्थतन्त्र धानेको पर्यटन व्यवसायमा आएको ह्रास र घट्दै गएको विप्रेषण रकम नै मुलुकको आर्थिक अवस्था बिग्रनुमा मुख्य आन्तरिक कारण मानिएको छ। जब कि पर्यटन र विप्रेषणलाई आर्थिक मेरुदण्डजस्तै मानिएको हो ।

यस घटनाले हामीले भर गरेको आर्थिक स्रोत कति अस्थिर, अनिश्चित र तात्कालिक रहेछन् भन्ने बुझायो । साथै भरपर्दो आर्थिक स्रोतको पहिचानसमेत जोहो गर्न नसकेको भ्वाङ पनि खोलिदियो । नेपालको राज्य संयन्त्र, सरकारी आर्थिक पक्ष र अर्थतन्त्र वेत्ताहरु कति अदूरदर्शी रहेछन् भन्ने पनि प्रमाणित भयो ।

निश्चय पनि आन्तरिक कारणले मात्र नेपालले अहिलेको अवस्था बेहोर्नु परेको होइन, बाह्य कारण पनि थुप्रै छन्। छ वर्षअघि भुँइचालोले थलिएको क्षमतालाई पुनःनिर्माण र पुनरुद्धार गर्न नभ्याउँदै दुई वर्षसम्म व्यापक भएर अहिलेसम्म कोरोना देसानले चारैतिर शिथिलता ल्याइदियो ।

विश्वव्यापी महामारी कोरोनाले नेपाललाई पनि बेसरी थला पार्यो। गृहबन्दी जनजीवन र आर्थिक गतिविधि समेतलाई 'लकडाउन'मा पारेको कोराना निरोधी भ्यक्सिनेसनलाई अर्बौ लगानी गर्नुपर्यो। फलतः वैदेशिक रोजगारी शिथिलमात्रै होइन कि अवरुद्ध नै गर्यो, पर्यटक, पर्यटन उद्यम ठप्प भयो। बाँकी भरपर्दो अर्को आर्थिक स्रोत थिएन ।

संसारभर फैलिएको कोरोनाले विश्वव्यापी आर्थिक गतिविधिलाई नै कमजोर पारिदियो। नेपालले अपेक्षा गरेको वैदेशिक अनुदान, सहुलियत ऋण र लगानी नै प्राप्त हुन सकेन । घायल आन्तरिक निजी क्षेत्रको लगानी क्षमता पनि खुम्चियो । यी सबै 'सिक्वेंस' को परिणाम क्रमशः आइरहे छ ।

हामीजस्तै पर्यटन र विप्रेषण मुख्य आर्थिक स्रोत भएको दक्षिण एसियाली मुलुक श्रीलंकामा जे भइरहेछ नेपाल पनि त्यही बाटोतिर धकेलिँदै गरेको चेतावनी आइरहेछ। यी दुईबीच परिवेश फरक होला तर विश्वव्यापी आर्थिक सञ्जालमा बेरिएको वा अन्योन्याश्रित आर्थिक परनिर्भरता कायम भएको अहिलेको दुनियाँ एक अर्काको भरमा चलेको छ । महामारी मानव निर्मित होइन र त्यसको सीमा पनि छैन । त्यसको दुष्प्रभाव चारैतिर फैलिने नै भयो । भयो पनि त्यही ।

फरक आफ्नो सीमा, स्रोत र क्षमता बुझेर समयमै नेपाली राज्य संयन्त्र वा सरकारी पक्ष सजग वा सक्रिय भएन । जसको परिणाम थेगी नसक्नु हुनसक्छ। अहिले पनि सरकारी पक्षले अर्थतन्त्र बचाउने कुनै कारगर उपाय अवलम्बन गरेको सुनिएको छैन। तालुकदार अर्थ मन्त्रालय र मन्त्री निरुद्देश्य, निरुपाय साबित भएका छन् ।

विलासी उपभोग्य सामग्रीमा रोक लगाइएको सुनिदैछ, त्यो एउटा उपाय हुनसक्ला । अर्को सम्बन्धित निकायहरुबाट दुई दिन (शनिवार, आइतवार) बिदा र सवारी साधनमा जोरबिजोर प्रक्रिया लागु गर्न सुझाइएको छ। अप्रिय निर्णय हो तर केही महिनाको लागि नागरिकलाई विश्वासमा लिएर ती काम चाँडै लागु गर्दा हुने देखिन्छ।

यस्तो निर्णयले आयातमा केही कमी आउने र विदेशी मुद्रा संचितिमा भार पनि घट्न जाने होला । त्यसअघि नागरिकलाई आर्थिक अवस्थाको पारदर्शी जानकारी र सरकारी पक्षबाट सहयोगको लागि अनुरोध गरिनु जायज देखिन्छ।

अहिलेको आर्थिक संकेतले दरिलो प्रकृतिको आर्थिक स्रोत पहिचान र तिनको उत्पादन, उत्पादकत्व बढाउने नीति कार्यान्वयन गर्न दीक्षित गरेको हुनुपर्ने । जलस्रोत, जडिबुटी वा जंगल र कृषि नेपालको लागि दरिलो स्रोत बन्न सक्छन्। तिनमा लगानी र ध्यान केन्द्रित गर्नुले समस्या समाधान उन्मुख भइन्छ कि ? भलै 'जब पर्यो राती तब ... ताती' भन्ने उखानजस्तै किन नहोस्। अन्ततः तात्न त ताती नि ?

(बांकी तेस्रो पृष्ठमा)

## आवश्यक टेलिफोन नम्वरहरु

| जनकपुर | |
|---|---|
| प्रहरी धनुषा | ५२००९९,१०० |
| सुरक्षा गुल्म जनकपुर बैरेक | ०१८६,५२६५८६ |
| शसश्त्र प्रहरी मुजेलिया | ५२७२१३,५२७८०० |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| ट्राफिक कार्यालय जिरोमाइल | ५२०३६६ |
| एम्बुलेन्स पब्लिक वेल फेयर | ९८५४०२२४७४ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | ५२२८०६ |
| श्री मिथिला युवा समाज नेपाल (एम्बुलेन्स) | ५२८०९५,९८१६८००४५५ |
| एम्बुलेन्स मेडिकल कलेज | ५२६०९०,५२६०९१ |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | ५२०२३०,५२३८६४ |
| बरुण यन्त्र जनपा | ५२००११ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ५२०६२८,५२६२७१ |
| जनकपुर अंचल अस्पताल | ५२००३३ |
| केयर मेडिकल सेन्टर | ५२३८६४ |

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र पा.लि. | ५२५८०० |
| आंखा अस्पताल | ५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |
| कृष्णा नर्सिङ्ग होम | ५२१९१८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| ब्स पार्क | ५२०९९८ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२१, ५२५०२२ |
| विद्युत फयुज शाखा | ५९०८३४, ५९०८३५ |
| जानकी केवुल | ५२३७२८ |
| शाह केबुल | ५२४७२२ |
| बारुण यन्त्र दमकल | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| विद्युत फयुज शाखा | ५२००६६ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |

## जोखिममा देशको.............................

अहिलेको आर्थिक दुरवस्थाले प्रदेशको औचित्यमा प्रश्न गर्नेले थप उधिन्ने अवसर पाएका छन् । जो स्वाभाविक पनि हो । संघ, प्रदेश, स्थानीय तह (जिसस, पालिका र वडाहरु) । यी सबै तहको उपती (स्रोत) जनतासँग कर उठाउनु सिबाय केही देखिँदैन । महँगीको भारले त थिचेकै थियो थप करको बोझ धानी नसक्नु भएको छ । जनता गरिबीतिर धकेलिँदै छन् ।

पाँच वर्षको अनुभवले यी सबै तहको समान औचित्य साबित गरेको ठानिएको छैन । त्यसमाथि प्रदेश राज्यको औचित्य सकिएकै जस्तो छ र जिसस संरचना आवश्यक भए प्रशासनिक निकायमा सीमित राख्नुपर्छ भनिदैछ । केही राजनीतिक दल र व्यक्तिलाई भाग दिन र स्रोत दोहन गर्न बनाइएजस्ता प्रदेशहरु गठबन्धन सरकार बनेपछि त झन् बोझिला बनाइएका छन् । भागबण्डा मिलाउन झन्डै दोब्बर संख्यामा मन्त्रालय थपिएका छन् । काम न दाम मन्त्री थपिएसँगै कर्मचारी, सुरक्षाकर्मी, साधनस्रोत आदिमा खर्च चौगुना बढोत्तरी भएको छ । यो अवस्थाले प्रदेशको उपादेयता सिद्ध गर्दैन । यी सबैको वार्षिक खर्च जोडौं त ? तथ्यांकमा भनिदैछ - बेरुजु र अनियमितताले भुइँ छोडिसक्यो । मति सुध्रिए न गति सुध्रिने हो ।

एकातिर आर्थिक दुरवस्था अर्कोतिर धानी नसक्नु राज्य यन्त्रहरुको संरचनाले मुलुक थप अप्ठ्यारोमा पुगेको छ । स्थानीय तहको चुनाव नजिक छौं, खर्च हुने नै भयो । समय घर्किंदै छ, अब पनि सुधार सुरु नगरे मरेर जाने पुस्ता त जाला भोलिको पुस्ता पनि बाच्न पाउने, सक्नेछैन ।

प्रदेश र जिससको संरचनामा पुनर्विचार आवश्यक देखिएको छ । प्रदेशविरुद्ध होइन तर प्रदेशहरु कि त आत्मनिर्भर हुन सक्नुपर्यो वा खारेज हुन मञ्जुरी दिन पर्यो । देश, जनताको बोझ हुनु भएन । 'घान छैन भने ओखलको के काम'?

(साभार : बाह्रखरी)

## चार दिवसीय चैती.............................

बुधबार राती धुमधामका साथ खरना विधि गरिएको छ । चैती छठ पर्व धनुषाको जनकपुरधाम, महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिवास लगायत अन्य सहरी एवम् ग्रामीण क्षेत्रमा रहेको विभिन्न पोखरी, तलाउ तथा जिल्लाको प्रसिद्ध नदीहरु बिग्ही, रातो मरहा, जङ् गहा, अङ्कुसे नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाउने गरिएको छ ।

सत्य, अहिंसा प्रति मानवको रुचि बढाउने र सबै जीव प्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन मङ्गलबार व्रतालुहरुले नहा खा अर्थात् नुहाएर खाने गर्दछ अर्थात् जीउ चोख्याउने काम गरेका छन् । त्यस्तै पर्वको दोस्रो दिन बुधबार खरना विधि गरेका छन् । खरनाका दिन व्रतालुहरुले दिनभरि उपवास निराहार बसेर राती छठ देवतालाई आगमनको निम्तो दिँदै कूल देवताको पूजा गर्नेछन् र राती अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाने चलन छ ।

त्यस्तै षष्ठीका दिन बिहीबार साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा लगायत लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन् । षष्ठीका दिन व्रतालुहरुले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउन्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुबै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्नेछन् ।

त्यस्तै त्यसको भोलिपल्ट शुक्रबार एकाबिहानै पुन: छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रात: कालीन उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्व सम्पन्न गर्नेछन् । महाभारतका अनुसार द्रोपदीसहित पाण्डवहरु अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डवहरु मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र पति प्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ । धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रुपमा समेत विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमहरुले पनि मनाउने गर्छन् । यस पर्वमा चढाइने पदार्थको सङ्ख्या ७० पुऱ्याउनुपर्छ तर चढाउने सामर्थ्य नभएकाहरु गम्हरी धानको चामल मात्र चढाए पनि देउता प्रसन्न हुने जनविश्वास रहेको छ ।


रुख रोपौं, बन जंगल जोगाऔं ।
चुरे क्षेत्रलाई खडेरी हुनबाट बचाऔं ।

डिभिजन वन कार्यालय, रौतहट


## अन्तर्राष्ट्रिय

# रुससँग गठबन्धन नगर्न भारतलाई अमेरिकाको चेतावनी



एजेन्सी । रुससँग गठबन्धन नगर्न भारतलाई अमेरिकाको चेतावनी

वासिङटन । अमेरिकाले रुससँग गठबन्धन नगर्न भारतलाई चेतावनी दिएको छ । रुसले युक्रेनमा आक्रमण गरेपछि रुससँग निकट रूपमा साझेदारी नगर्न भारतलाई अमेरिकाले चेतावनी दिएको राष्ट्रपति जो बाइडेनका शीर्ष आर्थिक सल्लाहकारले बताए ।

ह्वाइट हाउस नेसनल इकोनोमिक काउन्सिल डाइरेक्टर ब्रायन डिजले भारतको रुससँग थप स्पष्ट रणनीतिक गठबन्धनको लागत र परिणाम महत्त्वपूर्ण र दीर्घकालीन हुने चेतावनी दिएका हुन् । भारत सरकारलाई हाम्रो सन्देश यो छ कि रुससँग थप स्पष्ट रणनीतिक साझेदारीमा गए त्यसको लागत र परिणाम महत्त्वपूर्ण र दीर्घकालीन हुनेछ, डिजले भने । आक्रमणको सम्बन्धमा चीन र भारतको निर्णयबाट आफूहरू निराश भएको पनि उनले बताए ।

अमेरिकी उपराष्ट्रिय सुरक्षा सल्लाहकार दलीप सिंहले गएको हप्ता भारतको औपचारिक भ्रमण गरेपछि अमेरिकाको यस्तो धारणा आएको हो ।

ह्वाइट हाउसकी प्रवक्ता जेन पास्कीले दलीपले यस भ्रमणका क्रममा आफ्ना समकक्षीहरूलाई रुसी ऊर्जा र अरू वस्तुहरूको आयात बढाउनु भारतको हितमा छैन भन्ने स्पष्ट गरेको बताएकी थिइन् ।

भारतले रुसमाथि प्रतिबन्ध लगाउन अस्वीकार गरेको छ ।

ब्लुमबर्गका अनुसार एसियामा चीनलाई टक्कर दिने देशका रूपमा अमेरिकाले हेरेको भारत रुसी हतियारको सबैभन्दा ठूलो आयातकर्ता हो ।


**शहिदनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यलय**
यदुकुहा, धनुषा
२.न प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७८।१२।२५**

यस कार्यालयबाट चालु आ.ब.०७८/७९ मा तपसिलमा उल्लेखित योजनाहरुको निर्माण कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**सर्तहरु :**

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) औं दिन भित्र यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक जनकपुर मा रहेको खाता नं. १२२०१००३०१०१००१० मा रु.१०००/( (रु. एक हजार मात्र, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. ०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. रितपुर्वक भरिएको बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिन, दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ , बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालको राष्ट्रिय बाणिज्य बैंक जनकपुर मा रहेको धरौटी खाता नं. १२२०१००३०३००००१० मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा चार महिनाको म्याद भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्ने छ ।
४. बोलपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक क्लज को अंक र अक्षर दुबैमा स्पष्ट भर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।
६. बोलपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
७. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।
८. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।
९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कार्यवाही हुने छैन ।
१०. बोलपत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
११. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | SM/NCB/R /01/078-079 | बोलपत्र | जिवछ यादवको मिल देखी कुमारी घर हुदै ब्राम्हण पोखरी सम्म सडक पि.पि.सि.ढलान गर्ने | १०३४९०७.६७ | २६०००.० |

**प्रमुख प्रशासकिय अधिकृत**

# एमालेले राख्यो निर्वाचन आचार संहिताबारे ६ बुँदे धारणा



**जनधारा समाचारदाता**
काठमाडौं, चैत २४ गते। नेकपा एमालेले स्थानीय तह चुनावका लागि निर्वाचन आयोगले बनाएको आचारसंहितामा पार्टीका तर्फबाट ६ बुँदे धारणा राखेको छ।

आज महासचिव शंकर पोखरेल, उपमहासचिव विष्णु रिमालसहित नेताहरू आयोग पुगेर प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियालाई पार्टीका तर्फबाट धारणा समेटिएको ज्ञापत्र पत्र बुझाएका हुन्।

आयोगले बनाएको आचारसंहिता पालना गर्न सके राम्रो हुने महासचिव पोखरेल बताउँछन्।

तर प्रधानमन्त्री, मन्त्री र मुख्यमन्त्रीहरू नै चुनाव प्रचारमा जान नपाइने गरी आयोगले बनाएको आचारसंहिताको कार्यान्वयन पक्ष भने जटिल रहेको उनले बताए।

उनले एमालेले आचारसंहिता पालना गर्ने पनि बताए। आचारसंहिताका केही प्रावधानलाई भने आयोगले संशोधन गर्नुपर्ने एमालेको भनाइ छ।

उम्मेदवार बन्न जनप्रतिनिधिले राजीनामा गर्नुपर्ने प्रावधान पनि संशोधन गर्नुपर्ने एमालेको माग छ। 'निर्वाचन आयोगसँग हाम्रो टसल होइन,' पोखरेलले भने, 'प्रधानमन्त्रीले नै चुनाव प्रचार गर्न नपाउने कुरा लोकतन्त्रमा अलि मिल्ने खालको भएन। त्यो संशोधन गर्नुपर्छ भन्ने हो। हामी प्रतिपक्षमा भए पनि सरकार पक्षलाई नै फाइदा हुने कुरा उठाएका छौं।'

# सेप्टिक ट्यांकीमा भेटियो बालकको शव

**जनधारा समाचारदाता**
२४ चैत, जनकपुरधाम। सर्लाहीमा सेप्टिक ट्यांकीभित्र एक बालकको शव फेला परेको छ।

पछिल्लो ५ दिनयता हराइरहेका मलंगवा नगरपालिका-१२ गम्हरियाका १० बर्षीय आकाश ठाकुरको शव सेप्टिक ट्यांकीभित्र फेला परेको हो। बिहीबार बिहान छिमेकी जगदिश ठाकुरको घरमै टाँसिएर रहेको शौचालयको सेप्टिक ट्यांकीभित्र बालकको शव भेटिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी माधव प्रसाद बूढाथोकीले जानकारी दिए।

बालकको हत्या गरी शव बोराभित्र हालेर सेप्टिक ट्यांकीमा फालिएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। २० चैतमा गाउँमै आयोजना गरिएको भोज खान जाँदा हराएका आकाश राति अबेरसम्म घर नफर्किएपछि परिवारले प्रहरीलाई खबर गरेका थिए। खोजी गर्दै जाँदा प्रहरीले बालकको शव फेला पारेको हो।

प्रहरीले बालकका छिमेकी जगदीश ठाकुरसहित ७ जनालाई नियन्त्रणमा लिएको बूढाथोकीले जानकारी दिए।

बालकको शव पोष्टमार्टमका लागि सदरमुकाम मलंगवास्थित अस्पताल लगिएको छ। यस सम्बन्धमा अन्य अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


झाडापखाला तथा बान्ताबाट बचन,

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिँगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आजदेखि निर्वाचन आचारसंहिता लागू

**जनधारा समाचारदाता**
काठमाडौं, चैत २४ गते। निर्वाचन आयोग आचारसंहिता कार्यान्वयन गर्ने अन्तिम तयारीमा जुटेको छ। निर्वाचनको तयारीबारे बिहीबार सरकारलाई ब्रिफिङ गरेको आयोगले सम्भवतः शुक्रबारको बैठकबाट आचारसंहिता लागू भएको निर्णय र घोषणा गर्नेछ।

'सम्भवतः आज/भोलि बस्ने आयोगको बैठकले आचारसंहिता लागू हुने निर्णय गर्नेछ' निर्वाचन आयोग उच्च स्रोतले अनलाइनखबरसँग भन्यो, 'निर्वाचन सुरु हुन करिबकरिब एक महिना बाँकी छ। अब भने आचारसंहिता लागू गर्न ढिलाई गर्नु हुदैन भन्ने हाम्रो निष्कर्ष हो।'

निर्वाचन आचारसंहिता लागू भएपछि बन्देजहरु लागू हुने भएकाले प्रमुख दलका शिर्ष नेताहरुले केही दिनयता निर्वाचन केन्द्रित अभियान तिब्र पारेका छन्।

निर्वाचन आउन करिब एक महिनामात्रै बाकी रहेकाले अब पनि आचारसंहिता लागू नगर्ने हो भने राज्यको सुविधा लिने पदाधिकारी र स्रोतसाधन प्रयोग गर्नेहरुका क्रियाकलापले निर्वाचनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले तत्काल आचारसंहिता कार्यान्वयन गर्ने निष्कर्ष आयोगका पदाधिकारीहरुले निकालेका छन्।

निर्वाचन आयोगले तयार पारेको र ३ चैत २०७८ मा राजपत्रमा प्रकाशित गरेको निर्वाचन आचारसंहितामा राज्यको पदमा बसेकाहरु, निर्वाचनमा भाग लिने उमेद्वारहरु अनि निर्वाचनमा प्रत्यक्ष नजोडिएका तर सरोकारवालाहरुले पालना गर्नुपर्ने नियमको व्यवस्था गरिएको छ।

आचारसंहिता जारी भएपछि स्थानीय तहका जनप्रतिनिधिले राजिनामा दिनुपर्ने प्रावधान राखिएको थियो, जसलाई सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाएको छ।

त्यो आदेशले निरन्तरता पाउने कि नपाउने भन्नेवारे छलफल हुन बाकी छ।

आचारसंहितामा निर्वाचन प्रचारप्रसारमा फजुलखर्च गर्न रोक लगाइएको छ भने सामाजिक सञ्जालको प्रयोगकोमा समेत मापदण्ड निर्धारण गरिएको छ। आयोगले निर्वाचनप्रचारप्रसारका क्रममा बैंकबाट मात्रै खर्च गर्नुपर्ने व्यवस्था थपेको छ।

# निर्वाचन आयोगले हटायो ७१ जना निर्वाचन अधिकृत

**जनधारा समाचारदाता**
काठमाडौं, चैत २४ गते। निर्वाचन आयोग नेपालले निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि यसअघि तोकिएका ७१ जना निर्वाचन अधिकृतलाई जिम्मेवारीबाट हटाएको छ।

बिहीवार आयोगले नियमित पत्रकार सम्मेलनमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि तोकिएका ७१ जना निर्वाचन अधिकृतलाई विभिन्न कारणले काम गर्न नसक्ने अवस्था सिर्जना भएको भन्दै उनीहरुको स्थानमा ७१ जना नयाँ निर्वाचन अधिकृत नियुक्त गरेको हो।

नियमित पत्रकार सम्मेलनमा बोल्दै निर्वाचन आयोग नेपालका सूचना अधिकारी एवं सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले स्थानीय तह निर्वाचन २०७९ का लागि निर्वाचन आचारसंहिता २०७८ को प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय तह निर्वाचनमा भाग लिन आयोगमा दर्ता भएका राजनीतिक दलबाट प्रतिवद्धता लिने सम्बन्धी बैठक सम्पन्न भएको पनि बताए।

उनले स्थानीय तह निर्वाचन २०७९ मा खटिने निर्वाचन अधिकृतहरुको प्रशिक्षण प्रदान गर्नका लागि चैत्र २३ गते निर्वाचन व्यवस्थापन तथा सञ्चालन मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न भएको पनि बताए।

सहायक प्रवक्ता अर्यालले भने, 'मिति २०७८-१२-२२ गते स्थानीय तह निर्वाचन २०७९ का लागि निर्वाचन आचारसंहिता २०७८ को प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय तह निर्वाचनमा भाग लिन आयोगमा दर्ता भएका राजनीतिक दलबाट प्रतिवद्धता लिने सम्बन्धी बैठक सम्पन्न भएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा खटिने निर्वाचन अधिकृतहरुका लागि प्रशिक्षण प्रदान गर्नका लागि मिति २०७८-१२-२३ गते निर्वाचन व्यवस्थापन तथा सञ्चालन मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ।

मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी बनेका सहभागीहरुले २०७८ चैत्र ३० गते र २०७९ साल वैशाख २ गते प्रदेशस्तरमा सञ्चालन हुने आठ स्थानमा हुने प्रशिक्षण कार्यक्रममा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यक्रम रहेको छ।

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आयोगको निर्णय बमोजिम यसअघि तोकिएका निर्वाचन अधिकृतहरु मध्ये २०७८-१२-२३ को निर्णय अनुसार ७१ जना निर्वाचन अधिकृतलाई विभिन्न कारणले उनीहरुको जिम्मेवारी वहन गर्न नसक्ने भएको कारणले त्यो जिम्मेवारीबाट हटाइएको छ भने ७१ जनालाई निर्वाचन अधिकृतको रुपमा नयाँ नियुक्ति गरिएको छ।'

सहायक प्रवक्ता अर्यालले मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएका सहभागीहरुले २०७८ चैत्र ३० गते र २०७९ साल वैशाख २ गते प्रदेशस्तरमा आठ स्थानमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यक्रम रहेको पनि जानकारी दिए।


कोरोनाको कहर जारी छ, त्यसैले,
मास्क लगाऔं, साबुन पानीले हात धोऔं।
कोरोनाबाट आफू पनि बाँचौं र अरुलाई पनि बचाऔं।

मनरा सिस्वा नगरपालिका,
महोत्तरी